अनुसूची (२)

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः१ मितिः २०८०।०३।०४

भाग-१

"जैमिनी नगर शिक्षा ऐन, २०८०"

जैमिनी नगरपालिका

# जैमिनी नगर शिक्षा ऐन, २०८०

**प्रस्तावनाः**

नेपालको संविधानले आधारभूत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहने व्यवस्था गरेको सन्दर्भमा जैमिनी नगरपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालन भैरहेका र हुने विद्यालय लगायत अन्य शैक्षिक संस्थाहरूको समुचित व्यवस्थापन गरी सबै बालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै नगर भित्रका सबै बालबालिकाहरूको लागि क्रमशः अनिवार्य, निशुल्क, गुणस्तरीय र सान्दर्भिक विद्यालय शिक्षाको व्यवस्था मार्फत सक्षम नागरिकको उत्पादन गरी समृद्ध एवम् समुन्नत राष्ट्र निर्माणको आधार तयार पार्न वाञ्छनीय भएकाले

नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'जैमिनी नगर शिक्षा ऐन, २०८०' रहेको छ।

(२) यो ऐन जैमिनी नगरपालिका भर लागु हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:–

(क) 'आधारभूत शिक्षा' भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ख) 'प्राथमिक शिक्षा' भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) 'माध्यमिक शिक्षा' भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) 'नगरपालिका' भन्नाले जैमिनी नगरपालिका सम्झनुपर्छ।

(ङ) 'विशेष शिक्षा' भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(च) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(छ) 'प्राविधिक तथा व्यवसायिक शिक्षा' भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायमूलक शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ

(ज) 'सामुदायिक विद्यालय' भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफामूलक र नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ। यो शब्दले धार्मिक विद्यालय (गुम्वा, गुरुकूल र मदरशा) समेतलाई जनाउने छ।

(झ) 'संस्थागत विद्यालय' भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ञ) 'सहकारी विद्यालय' भन्नाले सहकारी संस्थाको पहलमा कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ट) 'कर्मचारी' भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ठ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) 'अनुमति' भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

(ढ) 'निशुल्क शिक्षा' भन्नाले तोकिएको शीर्षकहरूमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनु पर्छ। यो व्यवस्थाले नेपालको सविधानको धारा ३९ को उपधारा (२) बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी नगरपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन।

(ण) 'आवासीय विद्यालय' भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ।

(त) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा नीजि गुठी सम्झनु पर्छ।

(थ) 'स्थायी आवासीय अनुमति' भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(द) 'प्रारम्भिक बालशिक्षा' भन्नाले तीन बर्ष देखि पाँच बर्षसम्मका बालबालिकाहरूलाई दिइने दुई बर्षे शिक्षा सम्झनु पर्छ।

(ध) 'शिक्षक छनौट समिति' भन्नाले स्वीकृत दरबन्दी तथा थप अनुदान (राहत) कोटामा अस्थायी वा करारमा शिक्षक नियुक्तिको सिफारिस गर्न गठन भएको नगरस्तरीय शिक्षक छनौट समितिलाई सम्झनु पर्छ।

(न) 'समावेशी शिक्षा' भन्नाले दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा सम्झनु पर्छ।

(प) 'शिशु स्याहार' भन्नाले ३ बर्ष मुनिका बालबालिकालाई तोकिएको मापदण्ड बमोजिम उचित स्याहार सहित प्रदान गरिने विद्यालय बाहिरको सेवा सम्झनु पर्छ।

(फ) 'शिक्षा शाखा' भन्नाले नगर कार्यपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(ब) 'नगर शिक्षा अधिकारी' भन्नाले नगर कार्यपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनु पर्छ।

(भ) 'नगर प्रमुख' भन्नाले जैमिनी नगरपालिकाको नगर प्रमुखलाई जनाउछ।

(म) 'नगर उप प्रमुख' भन्नाले जैमिनी नगरपालिकाको नगर उप प्रमुखलाई जनाउछ।

(य) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

## परिच्छेद- २

## विद्यालयको स्थापना, कक्षा थप, पूर्वाधार, समायोजन र बन्द तथा सिकाइ केन्द्र सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्नेः**

(१) कसैले विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरू हुनु भन्दा तीन महिना अगावै नगर शिक्षा शाखामा निवेदन दिनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर नगर शिक्षा शाखाले आवश्यक जाँचबुझ गरी संघीय, प्रादेशिक कानून र नगरपालिकाले तोकेको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको निर्णयानुसार तोकिएको अधिकारीले अनुमति दिनेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालित कुनै विद्यालयले कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारीमा रुपान्तरण गर्न सक्ने छ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई निजी शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृतिको लागि सिफारिस दिइनेछैनः–

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(५) संघीय तथा प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ:

(क) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य भएको संगठित संस्था हुनु पर्ने,

(ख) शैक्षिक गुठीको आय व्ययको स्रेस्ता तोकिए बमोजिम तयार गरी नगरपालिकामा सूचीकृत मान्यताप्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(ग) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

(६) संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुनेछ तर ती विद्यालयहरूको अनुगमन, निरीक्षण र आधारभूत तहको परीक्षार्थीको मूल्याङ्कन नगरपालिकाबाट हुनेछ।

(७) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुने छ।

(८) विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

**४. विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नु पर्ने:**

(१) सामुदायिक तथा संस्थागत विद्यालयहरूले पूरा गर्नु पर्ने पूर्वाधारहरू तोकिए बमोजिम हुनेछ। प्रचलित कानून अनुसार तोकिएको पूर्वाधार तयार नहुँदासम्म विद्यालयहरूलाई सञ्चालनको लागि अनुमति दिइने छैन।

(२) यो ऐन जारी हुदाँ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको पूर्वाधार तोकिएको अवधिभित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ। तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमति रद्द हुने छ।

(३) सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र नगरपालिकाको हुने छ।

**५. नगरपालिकाले विद्यालय सार्ने, गाभ्न, नाम परिवर्तन गर्ने वा बन्द गर्ने सक्ने**

(१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरू समायोजन गर्न सकिनेछ:

(क) दुई वा सो भन्दा बढि विद्यालयहरू बीचको पैदल दुरी सहज आवागमन सहित बढिमा ३० मिनेट वा दुई किलोमिटर सम्म भई कक्षा ५ सम्म सञ्चालनमा रहेको,

(ख) दुई वा सो भन्दा बढि विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा समितिको सिफारिस सहित नगरपालिकामा निवेदन दिएमा,

(ग) कुनै विद्यालयमा तोकिएको सङ्ख्या भन्दा कम विद्यार्थी भई तिनीहरूको शिक्षाको लागि सबै बिद्यार्थीहरुलाई नगरपालिकाले दफा ६(१) बमोजिमको विद्यालयमा वा अन्यत्र कुनै विद्यालयमा अध्ययनको व्यवस्था मिलाएमा।

(२) कुनै विद्यालयमा संघीय कानून र नगरपालिकाले तोकेको कक्षागत विद्यार्थी सङ्ख्या भन्दा कम विद्यार्थी भएमा तह झार्न वा कक्षा वन्द गर्न सक्ने छ।

(३) नगरपालिकाले तोकिए बमोजिमका शर्त पूरा गर्ने कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिवर्तन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

**६. आवासीय विद्यालय सञ्चालन गर्न सक्ने**ः

(१) नगरपालिकाले नगर क्षेत्रभित्रका विकट र छरिएका ग्रामीण बस्तीहरूमा सञ्चालित दफा ५ को उपदफा (१) को खण्ड (ग) बमोजिम समायोजन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा कार्यान्वयनमा पँहुच बाहिर रहेका लक्षित उमेर समूहका बालबालिकाहरूको आधारभूत शिक्षा सुनिश्चितताको लागि तोकिएको विद्यालयलाई आवासीय विद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ।

(२) यस्ता विद्यालयहरूमा तोकिए बमोजिमका विद्यार्थी तथा विद्यालय उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरूले निशुल्क आवास सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्ने छन्।

**७. शाखा विद्यालय सञ्चालन गर्न सक्ने:** तोकिएको सीमाभन्दा कम विद्यार्थी सङ्ख्या भई कुनै सामुदायिक आधारभूत विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा भित्रको कुनै आधारभुत तथा माध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरी नगरपालिकाले तोक्न सक्नेछ। यसरी तोकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोके बमोजिम हुनेछ।

**८. मेघा तथा लिड स्कुल सञ्चालन गर्न सक्ने:**

(१) हाल सञ्चालनमा रहेका कुनै इच्छुक माध्यमिक विद्यालयले दफा ४ मा उल्लिखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधार र शर्त पूरा गरेमा नगरपालिकाले पूर्ण छात्राबासमा बस्ने, आंशिक रुपमा छात्राबासमा बस्ने र दिवाकालीन विद्यार्थी रहने व्यवस्था सहित ठूला विद्यालयको रूपमा सञ्चालन गर्न स्वीकृति दिने छ:

(क) कम्तिमा ३०० भन्दा बढी विद्यार्थी भएको,

(ख) न्युनतम तहगत र विषयगत दरबन्दी भएको,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र प्रवेशिका परीक्षाको नतिजा राष्ट्रिय स्तरको भन्दा उच्च रहेको,

(घ) पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको।

(२) यस्ता विद्यालयहरूलाई संघ, प्रदेश र नगरपालिकाले देहायका क्षेत्रमा थप लगानी गर्न सक्नेछ:-

(क) कक्षा कोठा, प्रयोगशाला र अन्य पूर्वाधार विकास तथा यातायात व्यवस्थापनमा,

(ख) विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा (सेक्सन समेत) को आधारमा थप विषयगत शिक्षकको व्यवस्थापन,

(ग) निशुल्क शिक्षा कार्यान्वयन तथा दफा ६(१) बमोजिमको विद्यालय सञ्चालन नहुँदा सम्म दफा ५ को उपदफा (ग) बमोजिम समायोजन भएको विद्यालयका विद्यार्थीहरूलाई आवासको व्यवस्थाका लागि आवास भवन निर्माण तथा छात्राबास सञ्चालनका लागि अनुदान दिने।

(घ) सम्झौतामा उल्लिखित अन्य विषयबस्तुहरु।

(३) यस दफा अनुसार थप सहयोग पाउने विद्यालयहरूको आन्तरिक लेखापरीक्षण नगरपालिकाले गर्नेछ।

**९. प्राविधिक तथा बहु प्राविधिक शिक्षालय स्थापना र सञ्चालन गर्न सक्नेः**

(१) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र माध्यिमक शिक्षासम्म समकक्ष हुने तह सम्मको शिक्षा दिने गरी प्राबिधिक तथा बहु प्राविधिक शिक्षालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका शिक्षालयहरुले कृषि, वन, स्वास्थ्य, ईञ्जिनियरिङ जस्ता प्राविधिक विषयका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नेछन्।

(३) उपदफा (१) बमोजिमका शिक्षालयहरुले युवाहरुका लागि रोजगार तथा स्वरोजगारमुलक छोटो अवधिका तालिम, विभिन्न पेशा तथा रोजगारमा संलग्न नागरिकहरुका लागि मागमा आधारित पेशासँग सम्बन्धित सीपमुलक तालिम, समाजमा लुकेर रहेका परम्परागत ज्ञान सीपमा आधारित तालिम तथा विभिन्न व्यवसायिक तथा प्राविधिक तालिम कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(४) नगरपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षाको परीक्षा, मूल्याङ्कन र प्रमाणीकरण सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछ।

(५) नगरपालिकाले प्राविधिक शिक्षालयबाट प्रदान गरिएका छोटो अवधिका तालिम, पेशागत सीप सम्बन्धी तालिम र व्यावसायिक तालिमको सीप परीक्षण र प्रमाणीकरण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनेछ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

(६) नगरपालिका क्षेत्र भित्र प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा र नीति निर्माण गर्नका लागि देहाय बमोजिमको "प्राविधिक तथा व्यवसायिक शिक्षा सभा" रहनेछ :

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उप प्रमुख — उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) नेपाल सरकारको शिक्षा सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा वा प्राविधिक शिक्षाको क्षेत्रमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा ५ वर्ष सेवा गरी निवृत्त भएको र वागलुङ जिल्ला भित्र स्थायी बसोबास भएको व्यक्ति एक जना — सदस्य

(ङ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक — सदस्य

(च) प्राविधिक शिक्षाका विषयमा कम्तीमा डिप्लोमा तहसम्म कम्तीमा ५ वर्ष अध्यापन वा प्रशिक्षण गरी अवकाश लिएका प्राविधिक शिक्षामा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण वागलुङ जिल्लामा स्थायी बसोबास भएका कृषि तथा वन, स्वास्थ्य र ईञ्जिनियरिङ फरक फरक क्षेत्रको प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिबाट मनोनित तीन जना — सदस्य

(छ) प्राविधिक तथा बहु प्राविधिक शिक्षालयको प्राचार्य — सदस्य

(ज) नगरपालिका भित्र प्राविधक धार सञ्चालन भएका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु — सदस्य

(झ) नगरपालिका भित्र प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयका प्रशिक्षकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका तीन जना — सदस्य

(ञ) शिक्षा शाखाको प्रमुख — सदस्य-सचिव

(७) नगरपालिका क्षेत्र भित्र प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको "प्राविधिक तथा व्यावसायिक शिक्षा समिति " रहनेछ :

(क) नगर उप प्रमुख — अध्यक्ष

(ख) नेपाल सरकारको शिक्षा सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा वा प्राविधिक शिक्षाको क्षेत्रमा राजपत्राङ्कित द्वितीय श्रेणी सरहको पदमा कम्तीमा ५ वर्ष सेवा गरी निवृत्त भएको र वागलुङ जिल्ला भित्र स्थायी बसोबास भएको व्यक्ति एक जना — उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) प्राविधिक शिक्षाका विषयमा कम्तीमा डिप्लोमा तहसम्म ५ वर्ष अध्यापन वा प्रशिक्षण गरी अवकाश लिएका प्राविधिक शिक्षामा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण वागलुङ जिल्लामा स्थायी बसोबास भएका कृषि तथा वन, स्वास्थ्य र ईञ्जिनियरिङ फरक फरक क्षेत्रको प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिबाट मनोनित तीन जना — सदस्य

(ङ) प्राविधिक तथा बहु प्राविधिक शिक्षालयको प्राचार्य — सदस्य

(च) नगर प्रमुखले तोकेको कार्यपालिकाको सदस्य एकजना — सदस्य

(छ) शिक्षा शाखाको प्रमुख — सदस्य-सचिव

जैमिनी नगर शिक्षा ऐन,२०८०

(८) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्तरमा उपलब्ध जैविक, प्राकृतिक तथा भौतिक स्रोत साधनको उपयोग गर्न सक्ने जनशक्ति तयार गर्न जोड दिनु पर्नेछ।

(९) प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा सभा तथा प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा समिति सम्बन्धी काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०. प्राविधिक क्याम्पस सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले केन्द्रीय विश्वविद्यालय वा प्रदेश विश्वविद्यालयबाट सम्बन्धन लिई वा सञ्चालनमा रहेको क्याम्पसको जिम्मेवारी तथा स्वामित्व लिई नगरपालिका अन्तर्गत रहने गरी स्नातक तह अध्यापन हुने प्राविधिक क्याम्पस स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको क्याम्पसको व्यवस्थापन तथा सञ्चालन तोकिए बमोजिम हुनेछ।

**११. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

(१) नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरू समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) सामुदायिक सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर अनुदानको व्यवस्था गर्ने छ।

(३) यस भन्दा पूर्व साविकको अनौपचारिक शिक्षा केन्द्र वा जिल्ला शिक्षा कार्यालयबाट सामुदायिक अध्ययन केन्द्रका नाममा अनुमति पाई सञ्चालन भइरहेका सामुदायिक सिकाइ केन्द्रहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ।

(४) नगरपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने केन्द्रका रुपमा जिम्मेवारी दिन सक्नेछ।

**१२. शिशु स्याहार, प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी व्यवस्थाः**

(१) तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक बाल शिक्षा सञ्चालनको अनुमति सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर शिक्षा समितिले दिनेछ।

(२) प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक विद्यालय शिक्षाको अवधि दुई वर्षको हुनेछ।

(३) तीन वर्ष उमेर नपुगेका बालबालिका प्रारम्भिक बाल बिकास केन्द्रमा भर्ना गर्न तथा पाँच वर्ष पूरा भएका बालबालिकालाई यस्ता केन्द्रमा राखी राख्न पाइने छैन।

(४) सामुदायमा आधारित बालविकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई तोकिए बमोजिम सञ्चालन गरिने छ।

(५) तीन वर्ष उमेर नपुगेका बालबालिकाको लागि शिशु स्याहार केन्द्र सञ्चालन गर्न सकिने छ । यस्ता केन्द्रहरूको अनुमति र सञ्चालन तोकिए बमोजिम हुने छ।

**१३. वैकल्पिक शिक्षा सम्बन्धी व्यवस्था**

(१) नगरपालिकाले औपचारिक शिक्षाको अवसरबाट वञ्चित नागरिकहरूको शिक्षा सम्बन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद- ३

## पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षाको माध्यम र परीक्षा सम्बन्धी व्यवस्था

**१४. पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था:**

(१) नगर भित्रका विद्यालयमा लागु हुने पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण गर्नका लागि नगर प्रमुखको अध्यक्षतामा तोकिए बमोजिमको "जैमिनी नगर पाठ्यक्रम निर्धारण समिति" रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले विद्यालय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण गर्न वा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(३) नगर क्षेत्र भित्र सञ्चालन हुने प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण सम्बन्धी कार्य उपदफा (१) बमोजिमको समितिको सिफारिसमा हुनेछ।

(४) विद्यालयहरुले पाठ्यक्रम निर्धारण समितिले तोकिदिए बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक अध्यापन गराउनु पर्नेछ।

(५) पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन र पाठ्यपुस्तकको उपलब्धता सम्बन्धमा अनुगमन लगायतका कामको लागि तोकिए बमोजिमको पाठ्यक्रम कार्यान्वयन तथा अनुगमन समिति रहने छ।

(६) पाठ्यक्रम निर्धारण समितिले आफ्नो छुट्टै पाठ्यक्रम नबनाएसम्म वा पाठ्यक्रम सम्बन्धमा अर्को व्यवस्था नभए सम्म जैमिनी नगर क्षेत्र भित्रका विद्यालयहरुमा संघीय वा प्रदेश कानूनले तोकेको पाठ्यक्रम लागु हुनेछ। साथै प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रम सम्बन्धमा प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद्ले बनाएको पाठ्यक्रम लागु हुनेछ।

**१५. थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्ने:**

(१) पाठ्यक्रम निर्धारण समितिले नगर भित्रका विद्यालयहरुमा प्रयोग गर्न सकिने थप पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको सूची प्रकाशन गर्नु पर्नेछ।

(२) पाठ्यक्रम निर्धारण समितिले प्रत्येक वर्षको शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तीमा तीन महिना पहिला नै थप पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको सूची अद्यावधिक गर्नु पर्नेछ।

(३) पाठ्यक्रम निर्धारण समितिले थप पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको सूची तयार गर्दा साविकको पाठ्यक्रम विकास केन्द्रको सूचीलाई स्रोत सामग्रीका रुपमा लिन सक्नेछ।

(४) कुनै विद्यालयले थप पाठ्यसामाग्री वा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा पाठ्यक्रम निर्धारण समितिले सूचीकृत गरेका थप पाठ्य सामाग्री वा पाठ्यपुस्तक प्रयोगको लागि शिक्षा शाखाबाट स्वीकृति लिनु पर्नेछ।

(५) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति शिक्षा शाखाबाट लिनु पर्नेछ।

**१६. माध्यमिक शिक्षाको प्रकार:**

माध्यमिक शिक्षा देहाय बमोजिमको हुनेछ।

क) साधारण माध्यमिक शिक्षा .

ख) संस्कृत माध्यमिक शिक्षा .

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा .

**१७. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अंग्रेजी वा दुवै भाषा हुन सक्नेछ । तर देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:

(क) प्राथमिक शिक्षा (कक्षा १-५) मातृभाषाको माध्यमबाट शिक्षा दिन सकिनेछ।

(ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(ग) शिक्षणको माध्यम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

**१८. परीक्षाको सञ्चालनः**

(१) विद्यार्थीहरुको स्तर मूल्याङ्कनका लागि पाठ्यक्रम निर्धारण समितिले निर्धारण गरेका पाठ्यक्रमले तोके बमोजिमका परीक्षाहरु सञ्चालन हुनेछन् । तर पाठ्यक्रम निर्धारण समितिले आफ्नो छुट्टै पाठ्यक्रम नबनाएसम्म वा पाठ्यक्रम सम्बन्धमा अर्को व्यवस्था नभए सम्म संघीय वा प्रदेश कानूनले तोकेको पाठ्यक्रम अनुसार परीक्षाहरु सचालन हुनेछन्।

(२) कक्षा ५, ८, १०, ११ र १२ को अन्त्यमा लिइने वार्षिक परीक्षा तथा विभिन्न कक्षाको सिकाइ उपलब्धी परीक्षा समेतलाई मर्यादित र व्यवस्थित तरिकाले सञ्चालन गर्न नगरप्रमुखको अध्यक्षतामा तोकिए बमोजिमको परीक्षा समन्वय समिति र **तपसिलको एक नगरस्तरीय परीक्षा समिति** रहनेछ

(क) नगर शिक्षा अधिकारी - अध्यक्ष

(ख) सामुदायिक र संस्थागत विद्यालयका साथै विभिन्न विषयसमेतको प्रतिनिधित्व हुने गरी प्रधानाध्यापक वा शिक्षकमध्येबाट कम्तीमा एकजना महिला सहित नगर शिक्षा अधिकारीले मनोनित गरेका तीनजना – सदस्य

(ग) शिक्षा अधिकृत वा अधिकृत नभएमा नगर शिक्षा अधिकारीले तोकेको व्यक्ति- सदस्य सचिव

(३) माध्यमिक तहको परीक्षा सम्बन्धमा आवश्यक प्रविधि र विधि तथा प्रक्रियाको प्रबन्ध नभएसम्मका लागि माध्यमिक तह (कक्षा १० र १२) को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले व्यवस्था गरे अनुसार सञ्चालन हुने छ।

(४) नगर कार्यपालिकाले उपदफा (३) मा उल्लेख गरिएको प्रबन्ध भए नभएको सम्बन्धमा जाँचबुझ गरी उपदफा (२) अनुसार परीक्षा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक निर्णय लिन सक्नेछ।

## परिच्छेद - ४

## नगर शिक्षा समिति, वडा शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१९. नगर शिक्षा समितिः**

(१) नगर क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ–

(क) नगर प्रमुख –अध्यक्ष

(ख) नगर उप प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ सामाजिक बिकास समितिको संयोजक –सदस्य

(ङ) नगर कार्यपालिकाका दलित महिला सदस्य मध्ये नगर प्रमुखले मनोनित गरेको एक जना –सदस्य

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना –सदस्य

(छ) सामुदायिक तथा संस्थागत विद्यालयको प्रतिनिधित्व हुने गरी माध्यमिक तथा आधारभूत तहका प्रधानाध्यापक तथा शिक्षकहरु मध्येबाट कम्तीमा एक जना महिला सहित नगर शिक्षा समितिले मनोनित गरेको दुई जना -सदस्य

(ज) नेपाल शिक्षक महासंघको प्रतिनिधी एक जना –सदस्य

(झ) नगर शिक्षा समितिले स्थानीय शिक्षाविद् मध्येबाट मनोनयन गरेको एक जना –सदस्य

(ञ) नगर शिक्षा अधिकारी –सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

(३) उपदफा (१) को खण्ड (ङ) (च) र (छ) बमोजिम मनोनित सदस्यहरू सकेसम्म समावेशी हुनु पर्नेछ।

(४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

(५) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार यस ऐनको अन्यत्र लेखिए बाहेक देहाय बमोजिम हुनेछः

(क) शिक्षा सम्बन्धी नगरस्तरीय योजना तर्जुमा गर्ने,

(ख) सामुदायिक विद्यालयलाई दिइने आर्थिक अनुदानको निर्धारण गरी नगरपालिकामा सिफारिस गर्ने,

(ग) सामुदायिक विद्यालयहरूको लेखा परीक्षणका लागि लेखा परीक्षकको सूचीकृत गर्ने र पारिश्रमिक निर्धारण गर्ने,

(घ) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त शिक्षक तथा कर्मचारी दरबन्दी वितरण र मिलान गर्ने,

(ङ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**२०. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघः** विद्यालयको भौतिक व्यवस्थापन तथा शैक्षिक कार्यक्रममा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुनेछ।

(१) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुने छः

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला र एकजना दलित सहित चार जना – सदस्य

(ख) सम्बन्धित वडा समितिले तोकेको सो समितिको सदस्य एकजना – सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई उल्लेख्य सहयोग गरेका स्थानीय व्यक्तिहरू मध्येबाट प्रधानाध्यापकको सिफारिसमा वडा समितिले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना – सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एकजना – सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक – सदस्य–सचिव

स्पष्टीकरणः अभिभावक भन्नाले विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ। तर विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनमा भने विद्यार्थीका बाबु, आमा, बाजे, बजै र यस्ता अभिभावक नभएको अवस्थामा संरक्षकत्व प्रदान गर्ने व्यक्ति समेतलाई जनाउँछ।



जैमिनी नगर शिक्षा ऐन, २०८०

(२) विद्यालय व्यवस्थापन समिति गठनको लागि अभिभावकको भेलाले उपदफा (१) को खण्ड (क) अनुसारका सदस्यहरू छानेको मितिले ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिको बैठक बसी उपदफा (१) को खण्ड (ग) अनुसारको सदस्यहरू वडा समितिबाट मनोनयन गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) अनुसार सदस्य मनोनयन गरेको मितिले पन्ध्र दिन भित्र विद्यालय व्यवस्थापन समितिको दोस्रो बैठक बसी उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरूले आफूहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छान्नु पर्नेछ।

तर यस उपदफा बमोजिम बैठक बसी अध्यक्ष छनौट गर्न नसकेमा यसै उपदफा बमोजिम तोकिएको समय बितेको पाँच दिन भित्र सो व्यहोरा प्रधानाध्यापकले नगर शिक्षा समितिमा प्रतिवेदन सहित पेश गर्नु पर्नेछ। सो प्रतिवेदन प्राप्त भएपछि उपदफा (१) को (क) र (ग) बमोजिमका सदस्यहरू मध्येबाट नगर शिक्षा समितिले अध्यक्ष मनोनयन गर्ने छ।

(४) विद्यालय व्यस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) दफा २० (१) (क) र (२) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदाबधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजहरुलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) हाल कायम रहेका विद्यालय व्यबस्थापन समितिहरु गठन भएको मितिले पदावधि समाप्त नभए सम्म यसै ऐन बमोजिम गठन भएको मानिनेछ।

(७) बाल बिकास केन्द्रको केन्द्र व्यवस्थापन समितिको हकमा मातृ विद्यालयको विद्यालय व्यवस्थापन समिति नै बाल बिकास केन्द्र व्यवस्थापन समिति हुनेछ।

(८) व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धि व्यवस्थाः

प्रधानाध्यापकले दफा २०(१) (क) बमोजिमको व्यवस्थापन समितिको सदस्यहरु छनौट गर्नका लागि अभिभावकलाई कम्तिमा ७ दिन पहिले नामावली प्रकाशन गरी सूचना दिनु पर्नेछ। सदस्यहरु छनौट गर्ने सम्बन्धमा नगरपालिका शिक्षा शाखासँग समन्वय गरी सम्बन्धित वडा अध्यक्ष वा वडा समितिले तोकेको सदस्यको संयोजकत्वमा वडा सचिव र प्रधानाध्यापक रहेको ३ सदस्यीय छनौट सहयोग समिति गठन गर्नु पर्नेछ।

(९) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आबद्धहरूमध्ये नगर शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य रहनेछन्।

(१०) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा तेत्तीस प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू रहनेछन् र यस प्रकारका अभिभावक उपलब्ध हुन नसकेमा उक्त पदहरु रिक्त राखिनेछन्।

(११) शैक्षिक गुणस्तर बृद्दि गर्न आवश्यक व्यवस्था मिलाउनुका अतिरिक्त सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको व्यवस्था तथा परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा गर्ने,

(ग) विद्यालय सञ्चालन सम्बन्धमा हुने महत्वपूर्ण विषयमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गर्ने,

(घ) विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्यांक अद्यावधिक गराइ राख्ने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाले दिएका आदेश र निर्देशनहरु पालना गर्ने गराउने,

(छ) शैक्षिक कार्यक्रम सञ्चालनका सन्दर्भमा प्रधानाध्यापकलाई सहयोग गर्ने,

(ज) बाल बिकास केन्द्रको संचालन, व्यवस्थापन र सुपरीवेक्षण गर्ने,

(झ) तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने

(१२) यस ऐनमा उल्लेख भए बाहेक विद्यालय व्यवस्थापन समिति र पदाधिकारीहरूको योग्यता र गठन सम्बन्धी अन्य व्यवस्था र काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(१३) शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य, सामाजिक परीक्षण गरी व्यवस्थापनमा सहयोग तथा शैक्षिक गुणस्तर सम्बन्धी आवश्यक कार्य गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछ:

(क) विद्यालयका अभिभावक मध्येबाट छनोट गरेका व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफु मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(ग) विद्यालय रहेको वडाको वडा समितिले तोकेको एकजना सदस्य - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीबी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका कम्तीमा एक जना महिला र एक जना दलित सहित तीन जना - सदस्य

ङ) शिक्षकहरुले आफु मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि - सदस्य

च) प्रधानाध्यापक- -सदस्य सचिव

(२) समितिको बैठकमा बालक्लवको प्रतिनिधि (छात्रा १ र छात्र १) र बालक्लव गठन नभएको अवस्थामा उच्चतम कक्षाको उत्कृष्ट अंक ल्याउने छात्रा १ र छात्र १ जनालाई आमन्त्रित गर्न सकिने छ।

(३) शिक्षक अभिभावक संघको पदावधि ३ वर्षको हुनेछ।

(४) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने।

(ख) विद्यालयको शैक्षिक र आर्थिक पारदर्शिता कायम गराउन सामाजिक परिक्षण गर्ने।

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने।

(घ) विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने।

(ङ) कम्तिमा पनि बर्षको २ पटक अभिभावक भेला राखी बिद्यालयका गतिविधिका बारेमा छलफल गर्ने।

(च) तोकिए बमोजिमका अन्य काम गर्ने।

जैमिनी नगर शिक्षा ऐन, २०८०

(१४) संस्थागत विद्यालयको व्यवस्थापन समिति:

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक संस्थागत विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना – सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट वडा समितिको सिफरिसमा नगर शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित कम्तिमा दुईजना – सदस्य

(घ) नगर शिक्षा अधिकारीले तोकेको सो कार्यालयको एकजना प्रतिनिधि – सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य–सचिव

(२) उपदफा (१४) को (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्यमध्येबाट र सहकारी अन्तरगत सञ्चालित भए सम्बन्धित सहकारीको शेयर सदस्य मध्येबाट सिफारिस गर्नु पर्नेछ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) संस्थागत बिद्यालय व्यबस्थापन समितिको पदावधि ३ बर्षको हुनेछ।

(५) संस्थागत तथा सहकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि साधन र स्रोतको प्राप्ति र परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,

(ग) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(घ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षक तथा कर्मचारीलाई तलब दिने,

(ङ) शैक्षिक सत्र शुरुहुनु भन्दा कम्तिमा २ महिना पहिल्यै आगामी शैक्षिक सत्रको लागि शुल्क प्रस्ताव गरी नगर शिक्षा शाखामा पेश गर्ने।

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

(१५) वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकारः

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक वा शिक्षकमध्येबाट वडा शिक्षा समितिले तोकेको एकजना महिला पर्ने गरी दुई जना -सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव -सदस्य

जैमिनी नगर शिक्षा ऐन, २०८०

(छ) सम्बन्धित वडाका प्र.अ.हरूमध्ये सबैभन्दा माथिल्लो तहको प्र.अ. -सदस्य-सचिव

(२) वडा शिक्षा समितिका मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) वडा शिक्षा समितिको वैठक सम्बधी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आपनो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, क्रियाशील वनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) सम्बन्धित वडा भित्रका अभिभावक, कर्मचारी र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) विद्यालय अनुमति एवम् प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन अनुमतिका लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने ,

(ज) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ,

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनि अभिभावकको गुनासो वा उजुरी समेतको आधारमा आफ्नो निष्कर्ष सहितको प्रतिवेदन सहित सम्बन्धित वडा समितिले सिफारिस गरेमा नगर शिक्षा समितिले सो उपर छानविन गर्दा सो सिफारिस प्रमाणित भएमा त्यस्तो विद्यालय व्यवस्थापन समिति नगर शिक्षा समितिले विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले तीन सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

## परिच्छेद- ५

## कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा अधिकारी, वडा समिति र प्रधानाध्यापकको काम कर्तव्य र अधिकार

**२२. कार्यपालिका:**

अन्यत्र लेखिए देखि बाहेक शिक्षाका सन्दर्भमा यो ऐन तथा प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने।

(२) नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने।

(३) शिक्षा सम्बन्धी वार्षिक, अल्पकालीन र दीर्घकालीन योजना स्वीकृत गर्ने।

(४) तोकिए बमोजिम अन्य कार्य गर्ने।

जैमिनी नगर शिक्षा ऐन, २०८०

**२३. प्रमुख प्रशासकीय अधिकृत:**

शिक्षाको सामान्य व्यवस्थापनका सन्दर्भमा अन्यत्र लेखिए देखि बाहेक प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) शिक्षा सम्बन्धी नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र नगर सभामा पेश गर्ने।

(२) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने।

**२४. नगर शिक्षा अधिकारी:**

(१) नगरपालिकामा एक नगर शिक्षा अधिकारी रहनेछ। यो ऐनमा अन्यत्र लेखिए बाहेक निजको काम, कर्तब्य र अधिकारहरू देहाय बमोजिम हुनेछ:

(क) प्रारम्भिक बालबिकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा. अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक, निरन्तर सिकाइ, सामुदायिक सिकाइ केन्द्र, धार्मिक विद्यालय, विशेष शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन प्रक्रिया तयार पारी नगर शिक्षा समितिमा पेश गर्ने।

(ख) नगर शिक्षा समितिको निर्णयहरू कार्यान्वयन गर्ने।

(ग) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्ने।

(२) नगर शिक्षा अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**२५. वडा समिति:**

प्रचलित कानूनमा अन्यत्र व्यवस्था भए देखि बाहेक वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) विद्यालय उमेर समूहका बालबालिका विद्यालय बाहिर रहे नरहेको अभिलेख राखी विद्यालय पठाउन आवश्यक कार्य गर्ने,

(२) वडा भित्रका विद्यालयहरू बीच समन्वय गर्ने,

(३) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने।

(४) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने।

**२६ प्रधानाध्यापक:**

प्रचलित कानूनमा अन्यत्र व्यवस्था भए देखि बाहेक प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) व्यवस्थापन समितिको सदस्य सचिवको हैसियतमा शिक्षक स्टाफ बैठकबाट पारित गराई व्यवस्थापन समितिको एजेण्डा तयार पार्ने।

(ख) विद्यालयमा शिक्षक दरबन्दी थपघट तथा परिवर्तनका सम्बन्धमा नगर शिक्षा शाखामा सिफारिश गर्ने।

(ग) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्नका लागि नगर शिक्षा शाखामा सिफारिश गर्ने।

(घ) शिक्षकको सरुवा सम्बन्धमा नगर शिक्षा शाखामा सिफारिश गर्ने।

(ङ) शिक्षक तथा कर्मचारीहरुलाई तालिमका लागि सिफारिश गर्ने।

(च) विद्यालयको दैनिक प्रशासन सञ्चालन, व्यवस्थापन र रेखदेख गर्ने।

(छ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने।

जैमिनी नगर शिक्षा ऐन, २०८०

**२७. विद्यालय सञ्चालन कार्यविधि:**

(१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया, शिक्षक, कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरूको आचार संहिता, शिक्षक कर्मचारी, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाको जिम्मेवारी, कर्तव्य र दायित्व तथा विद्यालय सञ्चालन विधि र प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन कार्यविधि अभिभावक भेलाबाट पारित गराई नगर शिक्षा समितिबाट स्वीकृत गराइ लागू गर्नु पर्नेछ।

(२) विद्यालय सञ्चालन कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(३) विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

## परिच्छेद- ६
## आर्थिक प्रबन्ध, सहायता र छुट

**२८. नगर शिक्षा कोषः**

(१) सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन तथा ऐनको अन्य व्यवस्था कार्यान्वयनका लागि नगर शिक्षा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयको वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको करबाट प्राप्त हुन आउने रकम,

(ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिए बमोजिमको करबाट प्राप्त हुन आउने रकम,

(च) कुनै व्यक्ति, संघ संस्थाबाट निशर्त रुपमा प्राप्त रकम वा चन्दाबाट प्राप्त रकम,

(छ) शिक्षा कर

(ज) अन्य स्रोतबाट प्राप्त रकम

(३) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**२९. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगर शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) नियमानुसार लिन पाउने शुल्क,

(घ) सहयोग, चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**३०. लेखा व्यवस्थापन**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारी तथा आधारभूत विद्यालयका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्नेछ।

**३१. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगरपालिकाबाट नियुक्त नेपाल चार्टर्ड एकाउण्टेण्ट परिषद्मा दर्तावाला लेखा परीक्षक वा रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत् सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ।

(४) विद्यालय सामाजिक परीक्षण समितिमा देहायका सदस्यहरू रहनेछन् :

(क) शिक्षक अभिभावक संघको अध्यक्ष - संयोजक

(ख) अभिभावकमध्येबाट शिक्षक अभिभावक संघबाट मनोनित कम्तीमा एक महिलासहित दुई जना -सदस्य

(ग) वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा समितिको सदस्य -सदस्य

(घ) शिक्षाप्रेमी, बुद्धिजिवी मध्येबाट शिक्षक अभिभावक संघले मनोनित गरेको एक जना -सदस्य

(ङ) उच्चतम कक्षाको प्रथम छात्रा वा छात्र एक जना -सदस्य

(च) प्रधानाध्यापकले तोकेको शिक्षक -सदस्य - सचिव

५) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजासहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनुपर्नेछ।

**३२. विद्यालय र बाल बिकास केन्द्रलाई अनुदानको व्यवस्था**

(१) नगरपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बालबिकास केन्द्रलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन।

(२) अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

**३३. विद्यालयलाई छुट र सुविधा:**

(१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था बमोजिम छुट र सुविधा हुनेछ।



जैमिनी नगर शिक्षा ऐन, २०८०

(२) सामुदायिक र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई नगरपालिकाले, आफुले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विशेष छूट दिन सक्ने छ।

**परिच्छेद- ७**

**अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था**

**३४. शिक्षा प्राप्त गर्ने अधिकार**

(१) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा समतामुलक पहूँचको अधिकार हुनेछ । गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको प्रचलनमा कसै प्रति भेदभाव गरिने छैन।

(२) उपदफा (१) को प्रयोजनका लागि प्रत्येक नागरिकलाई यो ऐन र प्रचलित कानून बमोजिम साक्षर हुने, प्रारम्भिक बाल विकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षाको हक हुनेछ।

(३) प्रचलित कानून बमोजिम माध्यमिक शिक्षासम्मको दायित्व राज्यको हुनेछ।

**३५. अनिवार्य, निशुल्क आधारभूत शिक्षा सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरूलाई तोकिए बमोजिम निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको व्यवस्था हुनेछ।

(२) निशुल्क शिक्षा उपलब्ध हुने उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा नपठाउने वा बालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी व्यापारी वा अन्य व्यक्तिलाई नगरपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्नेछ। त्यस्ता व्यक्ति वा संस्थालाई नगरपालिकाबाट उपलब्ध हुने सेवा सुविधा रोक्का वा स्थगन गर्न सकिने छ।

**३६. निशुल्क शिक्षा सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरुलाई नगरपालिकाले तोकिए बमोजिम निशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउने छ।

(२) माध्यमिक तहसम्म अध्ययन गर्ने सबै बालबालिकाहरुलाई नगरपालिकाले सम्बन्धित विद्यालय मार्फत् निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनेछ।

(३) आधारभूत तहसम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक रुपले विपन्न बालबालिकालाई आवश्यक पर्ने न्यूनतम शैक्षिक सामग्री नगरपालिकाले तोकिए बमोजिम उपलब्ध गराउनेछ।

(४) आधारभूत तहसम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाका लागि नगरपालिकाले क्रमशः प्रयोगशाला, खेलकुद पूर्वाधार, आधुनिक सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री आदि उपलब्ध गराउनेछ।

(५) नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाका लागि नियमित स्वास्थ्य परीक्षण तथा परामर्शको व्यवस्था मिलाउनेछ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

(६) आधारभूत तहसम्म सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न तथा मानव विकास सूचकाङ्कमा पछि परेका समुदायका बालबालिकाका लागि तोकिए बमोजिम दिवा खाजाको व्यवस्था गर्नेछ।

(७) दफा ३५ (१) र दफा ३६ (१) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराई सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई नगर शिक्षा अधिकारीले सचेत गराउने तथा प्रधानाध्यापकलाई विभागीय कारवाही गर्न सक्नेछ। तर कुनै अभिभावकले आफ्नो स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

**३७. विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्ने:** नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम आर्थिक सहायता र छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**३८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने:**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशत आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका,महिला, दलित वा जनजाति तथा अल्पसङ्ख्यक र अन्य समुदायका विद्यार्थीहरुलाई नगरपालिकाको सिफारिसमा तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगर शिक्षा शाखाले आवश्यक प्रक्रिया पूरा गरी विद्यार्थी छनौट गर्नेछ।

(३) छात्रवृत्ति उपलब्ध गराउने विद्यार्थी छनौट प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धी व्यवस्था

**३९. विद्यालय शिक्षण सेवाको गठन**

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम नगरपालिकामा एक विद्यालय शिक्षण सेवाको गठन हुनेछ।

(२) यो ऐन लागु हुनु पूर्व नियुक्ति पाएका र नियुक्तिको प्रक्रियामा रहेका शिक्षकहरूको सेवाको शर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(३) नगरपालिकाबाट नियुक्त शिक्षकहरुको सेवा र शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) नगरपालिका क्षेत्रभर सञ्चालन भएका विद्यालयमा कार्यरत सरकारी स्रोतबाट तलब भत्ता पाउने शिक्षकहरुको दरबन्दी नगरपालिकाको एकमुष्ट दरबन्दी हुनेछ र नगरपालिकाले माध्यमिक तह सञ्चालन भएका र आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका विद्यालयका हकमा विद्यार्थी संख्या र पढाइ हुने विषयका आधारमा तथा आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका विद्यालयका हकमा विद्यार्थी संख्या र सञ्चालित कक्षाका आधारमा दरबन्दी वितरण र मिलान गरिनेछ।

(५) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक कुनै कारणले अवकाश भई रिक्त हुन आएको दरबन्दी नगरपालिकाको दरबन्दीमा रुपान्तरण हुनेछ।

(६) नगरपालिकाले प्रत्येक वर्ष नयाँ दरबन्दी सिर्जना गर्न सक्नेछ।

(७) नेपाल सरकारको दरबन्दीबाट नगरपालिकाको दरबन्दीमा रुपान्तरण भएका र नगरपालिकाले सिर्जना गरेका दरबन्दीमा कार्यरत शिक्षकको सेवा तथा शर्त तोकिए बमोजिम हुनेछ।

**४०. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था**

(१) नगरपालिकाले माध्यमिक विद्यालयमा तोकिए बमोजिम कर्मचारीको व्यवस्था गर्नेछ।

(२) विद्यालय कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४१. शिक्षकको नियुक्ति र पदस्थापन:**

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरूको नियुक्ति र पदस्थापना शिक्षक सेवा आयोगको सिफारिसमा नगर शिक्षा समितिले गर्ने छ।

(२) विद्यालयमा रिक्त दरबन्दी तथा शिक्षक अनुदान कोटामा अस्थायी तथा करार नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको करार शिक्षक छनौट समिति हुनेछ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

(ख) शिक्षा शाखा प्रमुख वा प्रतिनिधी एक जना - सदस्य

(ग) विषय विशेषज्ञ दुई जना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य सचिव

(३) उपदफा (२) (ग) का लागि विषय विशेषज्ञको सूची नगरपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत स्थायी शिक्षकहरू मध्येबाट आधारभूत तहका लागि शिक्षा शास्त्रमा स्नातक र माध्यमिक तहका लागि शिक्षाशास्त्रमा स्नातकोत्तर वा स्नातकोत्तर उत्तीर्ण गरी माध्यमिक तहको तालिम प्राप्त व्यक्तिहरू मध्येबाट सार्वजनिक सूची प्रकाशन गरी गरिनेछ। यस्तो सूची प्रत्येक दुई वर्षमा अद्यावधिक गरिनेछ।

(४) विद्यालयले विशेषज्ञको छनोट गर्दा नगरपालिका शिक्षा शाखासँग समन्वयमा गोलाप्रथाद्वारा विद्यालय व्यवस्थापन समितिबाट छनोट गर्नु पर्नेछ।

(५) करार शिक्षक छनोटको परीक्षा केन्द्र नगरपालिकामा तोक्नु पर्नेछ।

(६) शिक्षक छनौट समितिको प्रशासनिक कार्य र जनशक्तिको व्यवस्था नगर शिक्षा शाखाले गर्नेछ।

(७) समितिका सदस्यहरूको सेवा, सुविधा, बैठक र व्यवस्थापन कार्यविधि तोकिए बमोजिम हुनेछ।

**४२. अध्यापन अुनमति पत्र लिनु पर्ने:**

अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन। तर विज्ञान, गणित, लेखा र कम्प्युटर लगायतका प्राविधिक धारका विषयहरूमा करार शिक्षक नियुक्ति गर्ने प्रयोजनमा अध्यापन अनुमति पत्र प्राप्त भएका व्यक्ति उपलब्ध हुन नसकेको अवस्थामा करार शिक्षक पदमा उमेदवार हुन सक्नेछन्। अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

**४३. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था:**

(१) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा आधारभूत तहको प्राथमिक शिक्षकहरूलाई समान तह र किसिमको दरबन्दीमा तथा आधारभूत तहका निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरूलाई सम्बन्धित विषय र तह तथा किसिमको दरबन्दीमा सम्बन्धित शिक्षकको निवेदन, आउने र जाने दुवै विद्यालयको सहमतिमा नगर शिक्षा अधिकारीको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले तोकिए बमोजिम सरुवा गर्न सक्नेछ।

तर विद्यार्थी संख्या कम भई सरूवा गर्नुपर्ने अवस्था, दरवन्दी मिलान र कार्यसम्पादन एवम् आचरण सन्तोषजनक नभएको अवस्थामा सरूवा गर्नुपर्दा सम्बन्धित शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहमति लिन बाध्य पर्ने छैन।

(२) एउटा विद्यालयमा सरुवा भइसकेपछि सो विद्यालयमा सामान्यतया: कम्तीमा पुरुष शिक्षकको हकमा एक वर्ष र महिलाको हकमा छ महिना सम्म सेवा नगरी सरुवा नहुने व्यवस्था मिलाउनु पर्नेछ। तर विशेष परिस्थितिमा सरुवा गर्न यस उपदफाले बाधा पार्ने छैन।

(३) सामन्यतया स्थायी शिक्षक बाहेक अन्य प्रकारका शिक्षकको सरुवा गरिने छैन।

(४) अन्तर स्थानीय तह सरुवा:

(क) दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई कार्यरत विद्यालयको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा शाखाले अर्को स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ।

(ख) अन्य स्थानीय तह अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरुवा भई यस नगरपालिका भित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति सहित तोकिएको अधिकारी समक्ष निर्दिष्ट ढाँचामा निवेदन दिनु पर्नेछ। उक्त निवेदनमा तोकिए बमोजिम कारबाही हुनेछ।

(ग) सेवा निवृत्त हुन १ वर्ष भन्दा कम सेवा अवधि बांकी रहेको शिक्षकको अन्तर स्थानीय तह सरुवा गरिने छैन।

(घ) अस्थायी करार, राहात तथा अनुदान कोटामा कार्यरत शिक्षकको अन्तर स्थानीय तह सरुवा हुने छैन।

**स्पष्टीकरण :**

यस दफाको प्रयोजनका लागि **अन्तर स्थानीय तह सरुवा** भन्नाले देशभरका कुनै स्थानीय तह अन्तर्गतका विद्यालयबाट यस नगरपालिकामा रहेका विद्यालयमा सरुवा भई आउने र यस नगरपालिकाबाट देशका कुनै अन्य स्थानीय तह अन्तर्गतका विद्यालयमा सरुवा भई जाने भन्ने बुझिनेछ।

(५) शिक्षक सरूवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४४. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था:**

(१) प्रत्येक सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा शिक्षक र कर्मचारीको दरबन्दी रहनेछ। माध्यमिक विद्यालयमा मात्र सहायक प्रधानाध्यापकको व्यवस्था गर्न सकिने छ। यसरी प्रधानाध्यापक र सहायक प्रधानाध्यापक नियुक्ति गर्दा वरिष्ठता र कार्य क्षमतालाई आधार मानिनेछ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीहरूको नियुक्ति र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४५. दरबन्दी मिलान**:

(१) प्राथमिक तहमा विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा तथा अन्य तहमा विद्यार्थी सङ्ख्या सञ्चालित कक्षा (सेक्सन समेत) र अध्यापन गरिने विषयको आधारमा नगर शिक्षा समितिले दरबन्दी मिलान गर्ने छ।

(२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानबाट सरुवा हुने शिक्षकले पत्र पाएको मितिले २१ दिनभित्र रमाना लिई तोकिएको विद्यालयमा हाजिर भइ सक्नु पर्नेछ। यसरी हाजिर नहुने, रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापक र शिक्षकलाई विभागीय कारवाही गरिने छ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

(३) कुनै विषयमा आवश्यक नभएका शिक्षक दरबन्दी वा बढी भएका दरबन्दी नगर शिक्षा समितिले फाजिलमा राख्नेछ। यस्ता दरबन्दीमा कार्यरत शिक्षकलाई नगर शिक्षा शाखाले व्यवस्थापन गर्नेछ। कुनै कारणले यस्ता शिक्षकको पद रिक्त भएमा पदपूर्ति गरिने छैन।

(४) दरबन्दी धैरै भई शिक्षक फाजिलमा परेका शिक्षकको कुनै कारणले अवकाश भई पद रिक्त हुन गएमा त्यस्तो दरबन्दीलाई दरबन्दी कम भएका तहमा रुपान्तरण गर्न सकिनेछ।

**४६. शिक्षक महासंघ सम्बन्धी व्यवस्था :**

(१) शिक्षकहरूको पेशागत हक हित, पेशागत विकास तथा शैक्षिक उन्नयनका लागि नगर स्तरमा शिक्षक महासंघ रहनेछ।

(२) नगर स्तरीय शिक्षक महासंघको गठन तथा निर्वाचन र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४७. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले नगरपालिकामा सिफारिस गर्नु पर्नेछः–

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

तर उपदफा (१) (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन।

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(छ) स्थायी आवसीय अनुमति पत्र लिएमा

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर कार्यपालिकाले नीजलाई पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि सफाईको मनासिव मौका भने प्रदान गरिने छ।

**४८. शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापनः**

(१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो नगर शिक्षा अधिकारी समक्ष पेश गर्नु पर्नेछ। सो सम्बन्धी गुनासोको अध्ययन गरी सम्भव उपाय अपनाई सम्बन्धित निकायले गुनासो फर्स्यौट गर्नु पर्नेछ।

(२) विद्यालयका प्रधानाध्यापक समक्ष परेको गुनासो निजबाट फर्स्यौट हुन नसके उचित कारण खोली ३० दिन भित्र नगर शिक्षा अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) त्यसरी गुनासो प्राप्त हुन आएमा उक्त गुनासोको ३० दिन भित्र प्रचलित कानून अनुसार सम्बोधन गर्नु नगर शिक्षा अधिकारीको कर्तव्य हुनेछ।

(४) नगर शिक्षा अधिकारीले फस्यौंट गर्न नसकेको पेशागत गुनासो नगर शिक्षा समितिमा पेश गरिनेछ।

(५) नगर शिक्षा समितिले गरेको गुनासो फस्यौंट अन्तिम हुनेछ।

(६) यस दफा बमोजिम गुनासो फस्यौंट गरिएका कारणले व्यक्तिको कानूनी उपचार पाउने हकमा बाधा परेको मानिने छैन।

**४९. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने:**

(१) दफा (४७) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय पाई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले संघीय कानून अनुसार नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत आदेश वा फैसला बमोजिम प्राप्त गर्ने छ।

**५०. शिक्षकको तलब, भत्ता तथा तलब, भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

(१) सामुदायिक विद्यालयको स्वीकृत दरवन्दी, राहत अनुदान कोटामा कार्यरत शिक्षकले नेपाल सरकारले तोके बमोजिम तलब, भत्ता र अन्य सुविधा पाउने छन्। नगरपालिकाबाट स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक कर्मचारीले नगरपालिकाले तोके बमोजिमको तलब, भत्ता पाउने छन्।

(२) नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवा अवधिमा समेत गणना हुने छैन।

**५१. लागु नहुने :** संस्थागत विद्यालयको हकमा यो परिच्छेद लागु हुने छैन र संस्थागत बिद्यालयले शिक्षक नियुक्ति प्रकृया, बढुवा र अवकाश सम्बन्धमा व्यबस्था गर्न विनियम बनाई लागु गर्नु पर्नेछ।

## परिच्छेद- ९
## दण्ड र सजाय

**५२. दण्ड सजायः**

(१) कसैले विद्यालयको चल अचल सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम दण्ड जरिवाना हुनेछ।

(२) देहायका अपराध गर्ने शिक्षक तथा कर्मचारी वा जोसुकैलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा व्यवस्था भएको दण्ड जरिवाना बाहेक तोकिएको अधिकारीले आवश्यक विभागीय सजायँ गर्नेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा।



जैमिनी नगर शिक्षा ऐन, २०८०

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा ट्यूशन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाणपत्र जारी गरेमा,

(ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परिक्षाको लागि रजिष्ट्रेशन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाणपत्र जारी गरेमा,

(ट) दफा ५९ अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै संस्थागत विद्यालयले शुल्क लिएमा।

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको किनारा नलागेसम्म स्वत निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजायँ गरिनेछ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजायँ गर्न सक्नेछ:

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई विभागीय सजायँ र जरिवाना गर्ने

(ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने

(ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्ने

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने।

(५) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई कसूरको मात्रा हेरी तोकिएको अधिकारीले तोकिए बमोजिम देहायका विभागीय कारबाही गर्न सक्नेछ :

(क) तलब कट्टा गर्ने,

(क) ग्रेड घटाउने,

(ख) ग्रेड बृद्धि रोक्का गर्ने,

(ग) नसिहत दिने,

(घ) निलम्बन गर्ने,

(ङ) भविष्यमा सरकारी सेवामा अयोग्य नहुने गरी वा अयोग्य हुने गरी अवकाश गर्ने।

(६) परिक्षा अमर्यादित गर्ने कुनैपनि व्यक्तिलाई प्रचलित ऐन र विभागीय नियमानुसार कारबाही हुनेछ।

**५३. सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरी:** सम्पति सम्बन्धी मुद्दाको तहकिकात र दायरी संघीय, प्रादेशिक र स्थानीय कानूनमा तोकिए बमोजिम हुनेछ।

**५४. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायँको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

## परिच्छेद- १०

## सामुदायिक विद्यालयको सम्पत्ति

## भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

**५५. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ।

(३) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

**५६. विद्यालयको सम्पत्ति**

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने छ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालय, सामुदायिक बालविकास केन्द्र, नगरपालिका अन्तरगतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, सङ्ग्राहलय, सीप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्ने छ। यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम नगर शिक्षा कोषमा जम्मा गर्नेछ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ। यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वत: नगरपालिकाको हुने छ।

(६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन।

**५७. विद्यालय सम्पत्ति संरक्षण समिति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्यगर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहने छ:

जैमिनी नगर शिक्षा ऐन, २०८०

(क) नगर प्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) मालपोत र नापी प्रशासन सम्बन्धी काम गर्ने नेपाल सरकार वा नगरपालिकाको कम्तिमा अधिकृतस्तरको कर्मचारी दुई जना — सदस्य

(घ) नगर शिक्षा अधिकारी — सदस्य सचिव

(२) कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धी विषयमा छलफल गर्न आयोजित बैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ११

## विद्यालयको वर्गीकरण, शुल्क निर्धारण सम्बन्धी व्यवस्था

**५८. विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिए बमोजिम वर्गीकरण गरिने छ।

**५९. संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहने छ :

(क) नगर प्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति — सदस्य

(घ) संस्थागत विद्यालयका नगरपालिका स्थित संगठनहरुको प्रतिनिधित्व हुने गरी विद्यालयका प्रिन्सिपलहरु मध्येबाट नगर शिक्षा अधिकारीले मनोनित गरेको दुई जना — सदस्य

(ङ) अभिभावकसँग सम्बन्धित सङ्गठन मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना — सदस्य

(च) नगर शिक्षा अधिकारी — सदस्य सचिव

(२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्ने छ।

(३) शुल्क निर्धारण समितिको काम कर्तब्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

## परिच्छेद- १२
## विविध

**६०. अनुमति वा स्वीकृति रद्द गर्ने:** कुनै सामुदायिक वा संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा, तोकिएको अवधि सम्म पनि तोकिएका भौतिक र शैक्षिक पूर्वाधार पूरा नगरेमा तोकिएको अधिकारीको सिफारिसमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**६१. विद्यालयलाई शान्ति क्षेत्र कायम गर्नु पर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति क्षेत्र कायम गर्नु पर्नेछ, शान्ति उल्लंघन गरे गराएमा तोकिए बमोजिम कानूनी कारवाही हुनेछ।

(२) तोकिए बमोजिम बाहेक कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन।

तर कुनै पनि कारणले आधारभूत तहमा अध्ययन गर्ने सो तहका लागि लक्षित उमेर समूहका बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न सकिने छैन।

(३) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

(४) विद्यालय हाताभित्र कुनै पनि राजनीतिक दलको भेला, सेमिनार, गोष्ठी वा आम सभा गर्न दिइने छैन।

(५) बालबालिकालाई बालबालिकासँग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गराइने छैन।

(६) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**६२. शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था**

(१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, ट्यूशन कक्षा, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम नगरपालिकाले बन्द गर्ने छ। त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानून बमोजिम कारवाही गरिने छ।

**६३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बाल क्लव, ईको क्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

(३) सह तथा शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**६४. प्रगति विवरण बुझाउनु पर्ने:** यस ऐन बमोजिम सञ्चालित प्रत्येक विद्यालय तथा शैक्षिक संस्थाले शैक्षिक सत्र सकिएको १ महिना भित्र तोकिए बमोजिमको विवरणहरू समावेश गरी बार्षिक प्रगति विवरण नगर शिक्षा शाखामा बुझाउनु पर्नेछ।

**६५. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वय गर्न नगरपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरूमा आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ।

(क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान र छात्रबृत्ति

(ग) परीक्षा सञ्चालन र व्यवस्थापन

(घ) अतिरिक्त तथा सह कार्यकलाप,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी सङ्ख्या सम्बन्धी,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

(छ) विद्यालयको आय व्यय जाँच.

(ज) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,

(झ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री (संघीय र प्रादेशिक कानूनको परिधिमा रहेर),

(ञ) शिक्षक तथा विद्यार्थी आचार संहिता,

(ट) विद्यालय तथा समुदायमा पुस्तकालय तथा वाचनालय,

(ठ) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम,

(ड) भाषा शिक्षण, ट्यूशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,

(ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,

(ण) विद्यार्थी परिवहन,

(त) संस्थागत विद्यालयको सञ्चालनसम्बन्धी सम्पूर्ण विषयहरू,

(थ) गुठी/सहकारी विद्यालय सञ्चालन सम्बन्धी,

(द) स्रोतकेन्द्र र स्रोतव्यक्ति

(ध) छोटो अवधिका प्राविधिक तथा व्यावसायिक तालिमको सञ्चालन र व्यवस्थापन

(न) ऐनमा उल्लिखत अन्य विषयहरू

(२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अन्तरगत रहेर नगर कार्यपालिकाले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**६६. संघ तथा प्रदेशका एकल अधिकार र साझा अधिकारको प्रचलन सम्बन्धी व्यवस्था:**

(१) संविधानको अनुसूची ५ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी संघको एकल अधिकार भित्रका कुनै काम वा अधिकार संविधानको धारा ५७ को उपधारा (१) बमोजिम बन्ने संघीय कानूनले स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा उक्त विषयहरु यो ऐन संशोधन गरी वा कुनै नियम वा निर्देशिका जारी गरी कार्यान्वयन गर्नु पर्नेछ।

जैमिनी नगर शिक्षा ऐन, २०८०

(२) संविधानको अनुसूची ६ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी प्रदेशको एकल अधिकार भित्रका कुनै काम वा अधिकार संविधानको धारा ५७ को उपधारा (२) बमोजिम बन्ने प्रदेश कानूनले स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा उक्त विषयहरु यो ऐन संशोधन गरी वा कुनै नियम वा निर्देशिका जारी गरी कार्यान्वयन गर्नुपर्नेछ।

(३) संविधानको अनुसूची ७ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी संघ तथा प्रदेशको साझा अधिकार भित्रका कुनै काम वा अधिकार संविधानको धारा ५७ को उपधारा (१) बमोजिम बन्ने संघीय कानून तथा धारा ५७ को उपधारा (२) बमोजिम बन्ने प्रदेश कानूनले स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा उक्त विषयहरु यो ऐन संशोधन गरी वा कुनै नियम वा निर्देशिका जारी गरी कार्यान्वयन गर्नुपर्नेछ।

(४) संविधानको अनुसूची ८ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार भित्रका विषयमा यो ऐन संघीय कानून वा प्रदेश कानूनसँग बाझिन गएमा यसै ऐनमा व्यवस्था भए बमोजिम नै हुनेछ।

(५) संविधानको अनुसूची ९ मा व्यवस्था गरिए बमोजिम शिक्षा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार भित्रका विषयमा यो ऐन संघीय कानून वा प्रदेश कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म संघीय कानून वा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम नै हुनेछ।

**६७. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐन बमोजिम जैमिनी नगर शिक्षा नियमावली जारी भई लागु नभएसम्म जैमिनी नगर शिक्षा ऐन, २०८० अनुसार कार्यविधि तथा निर्देशिका तयार गरी लागु गर्न सकिनेछ।

**६८. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ।

**६९. बचाउ र खारेजीः**

(१) शिक्षा ऐन, २०२८ र सो अन्तर्गत बनेका नियमावली तथा निर्देशिकाहरु माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन र व्यवस्थापनका हकमा यो नगरपालिका क्षेत्रमा लागु हुने छैनन्। तर पाठ्यक्रम र परीक्षाका सम्बन्धमा यसै ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) हालसम्म शिक्षा ऐन, २०२८ र सो अन्तर्गत बनेका नियमावली तथा निर्देशिका अनुसार भए गरेका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

(३) हालसम्म जैमिनी नगरपालिकाबाट निर्मित विभिन्न कार्यविधि, नमूना कानून र प्रचलन बमोजिम भए गरेका कामहरु यसै ऐन बमोजिम गरेको मानिनेछ।

(४) यस नगरपालिकामा नगर शिक्षा समितिबाट हाल सम्म भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(५) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(६) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको वा अन्य भ्रष्टाचार जन्य कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

जैमिनी नगर शिक्षा ऐन, २०८०

जैमिनी नगरपालिकाको नगर सभामा मिति २०८०।०३।०४ मा पेश भएको यो विधेयक सर्वसम्मति/बहुमतले पारित भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

मिति : २०८०/०३/११

नर बहादुर पुन
नगर प्रमुख

जैमिनी नगर शिक्षा ऐन, २०८०

आज्ञाले
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत